अनुसुचि- १

(नियम ३ संग सम्बन्धीत)

निवेदनको ढांचा

श्री स्थानीय अधिकारी ज्यू,

जिल्ला प्रशासन कार्यालय,

सुर्खेत ।

हामीले ............................................ सम्वन्धी संस्था खोल्न चाहेकोले संस्था दर्ता ऐन २०३४ बमोजीम संस्था दर्ता गर्नको लागी देहायको विवरण खोली निवेदन गरेका छौ । प्रस्तावित संस्थाको विधानको वार प्रति पनि यसै साथ संलग्न गरिएको छ ।

बिवरण

१. संस्थाको नाम :

२. संस्थाको उद्देश्यहरु :-

क)

ख)

ग)

३. आर्थिक श्रोत :

४. कार्यालयको ठेगाना :

५. मिति :

संस्थाको विवरण

| सि.नं. | पद | नाम,थर | पिता वा पतिको नम थर | पति वा पिताको ठेगाना | पेशा | हस्ताक्षर |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**को**

**विधान**

**प्रस्तावना**

**परिच्छेद १**

**१. संस्थाको नाम :** यस संस्थाको नाम ................................ हुनेछ ।

क) संस्थाको कार्यालय रहने ठेगाना : यस संस्थाको कार्यालय ............. जिल्ला ..............नगरपालीका । गा. वि. स. वडा नं......मा रहनेछ । स्थानीय अधिकारीको स्वीकृती लिइ यस संस्थाको कार्यालय अन्य स्थानमा सार्न सकिनेछ ।

ख)संस्थाको कार्याक्षेत्र : यस संस्थाको कार्याक्षेत्र .............. जिल्ला ..............नगरपालीका । गा. वि.स. हुनेछ । सम्बन्धीत स्थानीय अधिकारीको स्वीकृती लिइ यस संस्थाको कर्यक्षेत्र अन्य जिल्लामा विस्तार गर्न सकिनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा ।

क)

ख)

ग)

**३. संस्थाको छाप र चिन्ह :** यस संस्थाको छाप र चिन्ह निम्न बमोजिम हुनेछ ।

**परिच्छेद २**

**उद्देश्य**

**४. संस्थाको उद्देश्य** : यस संस्थाको उद्देश्य देहाय वमोजिम हुनेछ र सो संस्था गैरराजनितिक मुनाफारहित जनहितकारी संस्था हुनेछ ।

क)

ख)

ग)

**५. संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :** यस संस्थाले उपरोक्त उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्नेछ ।

क) संस्थाले प्रचलित नेपाल कानुन वमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरि मात्र उपरोक्त उद्देश्य कार्यान्वयन गर्नेछ ।

ख) संस्थालाई आवश्यक पर्ने घर जग्गा खरिद गर्ने, भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिने छ र कम्प्युटर, टेलिफोन, टाइपराइटर, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी विनियम अनुसार नियूक्त गर्ने तथा तिनको सेवाका सर्तहरु निर्धारण गर्नेछ ।

घ) संस्थामा प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता संचालन गर्नेछ ।

घ) अन्य आवश्यक कुराहरु :

## परिच्छेद ३

## सदस्यता

**६. सदस्यताको वर्गीकरण :** सदस्यताको वर्गिकरण निम्न बमोजिम हुनेछ ।

क) साधारण सदस्य

ख) आजिवन सदस्य

ग) मानार्थ सदस्य

**७. सदस्यको लागी आवश्यक योग्यता** : सदस्यताको लागी आवश्यक योग्यता निम्न बमोजिम हुनुपर्नेछ ।

क)

ख)

ग)

**८. संस्थाको सदस्य नियुक्ति हुन वा वहाल रहन नसक्ने अवस्था :**

१. देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्य पदमा नियूक्ति हुन सक्ने छैन ।

क) गैर नेपाली नागरीक र १६ वर्ष उमेर पुरा नगरेको ।

ख) मगज विग्रेको वा बौलाएको ।

ग) दामासाहीमा परेको ।

घ) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाझी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टचार

गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको ।

घ) सम्बन्धीत संस्थाको व्यवसायमा निजी स्वार्थ भएको ।

च) सदस्यता शुल्क बुझाउन बाकि भएको ।

**९. देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यमा बहाल रहने छैन ।**

क) दफा ८ को उपदफा (१) बमोजिम सदस्य पदमा नियुक्ती हुन नसक्ने भएमा ।

ख) साधारण सभाबाट ७५% को बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पास गरेमा ।

ग) सदस्यले आफ्नो पदबाट दियको राजीनामा स्वीकृत भएमा ।

घ) संस्थाको काम कारवाहीमा बेइमानी वा बदनीयत गरेको कुरा अदालतबाट प्रमाणीत भएमा ।

ङ) यस विधान बमोजिम संस्थाले गर्न नहुक्ने भनी तोकेको कुनै कार्य गरेमा ।

कुनै व्यक्तिलाई संस्थाको सदस्यमा नियुक्ती हुनु वा वहाल रहन अयोग्य ठहराउनु भन्दा अघि संस्थाले निजलाई सो कुराको सुचना दिई सफाइको सवुद पेश गर्ने मौका दिनुपर्नेछ ।

**१०. सदस्यता शुल्क र सदस्यत प्रदान गर्ने विधि :**

सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि निम्न बमोजिम हुनेछ ।

क)

ख)

ग)

**परिच्छेद - ४**

**साधारण सभा तथा बैठक सम्बन्धी कुराहरु :-**

**११. संस्थाको सभा बोलाउने तरिका र सभाका लागि दिनुपर्ने सुचना सम्बन्धी कुराहरुः-**

१) यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ ।

क) बार्षीक साधारण सभा

ख) विशेष साधारण सभा

२) यस संस्थाको प्रथम वार्षीक साधारण सभा संस्था स्थापना भएको आ.व. समाप्त भएको मितिले दुइ महिना भित्रमा गरिने छ र त्यस पछिका वार्षिक साधारण सभाहरुपनि आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र गरिनेछ ।

३) यस संस्थाको वार्षिक साधारण सभा गर्नको लागि कम्तीमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागी कम्तीमा ७ दिन अगावै सभा हुने ठाउ, मिति र छलफल गर्ने विषय खोली सवै साधारण सदस्यलाई सुचना दिइनेछ ।

४) उप नियम ३ बमोजिम वोलाईएका साधारण सभामा दफा १५ वमोजीमको गणपुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ दिनको म्यद दिइ साधारणसभा वोलाइनेछ ।

**१२. साधारण सभाको काम कर्तब्य र अधिकार :**

क)

ख)

ग)

**१३. कार्य समिति :**

क) कार्यसमितिको नियुक्ति वार्षिक साधारण सभावाट हुनेछ । तर प्रथम वार्षिक साधारण सभा नभए सम्मको लागि निम्न वमोजीम अध्यक्ष तथा सदस्य कार्यसमिति रहनेछ ।

१)

२)

३)

ख) यस संस्थामा हाल ७-११ जनाको कार्यसमिति हुनेछ ।

ग) कार्य समितिको कार्यकाल २ वर्षको हुनेछ ।

घ) वार्षिक साधारण सभा हुनु भन्दा अगावै कुनै सदस्यको नियुक्ति कार्य समितिद्धारा गर्न सकिनेछ । कुनै सदस्यको पद विचमा रिक्त भएमा सो पदमा नियुक्त भएको सदस्यको कार्यकाल सो सदस्य जुन सदस्यको पद रिक्त भई नियुक्त भएको हो । सो सदस्य वांकी कार्यकाल सम्मका लागी मात्र हुनेछ ।

ङ) कार्यसमितिको वैठक आवश्यकता अनुसार कार्यसमितिको अध्यक्षले बोलाउनेछ । जम्मा सदस्य संख्याको ५१ प्रतिशत सदस्यले माग गरेमा अध्यक्षले कार्यसमितिको बैठक बोलाउनु पर्नेछ ।

च) कार्य समितिको बैठकमा सदस्य स्वयम उपस्थित हुनुपर्नेछ ।

छ) सदस्यहरुको जम्मा संख्याको कम्तीमा ५१प्रतिशत सदस्यहरु उपस्थित नभई कार्यसमितिको बैठक हुने छैन ।

ज) कार्य समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्ष र उपाध्यक्षको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले छानेको सदस्यले अध्यक्षता गर्नेछ ।

झ) कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निणायक मत दिन सक्नेछ ।

ञ) कार्य समितिको बैठकमा छलफल भएको विषय र तत्सबन्धमा भएको निर्णयको विवरण माइन्यूट छुटै किताबमा लेखिराख्नु पर्नेछ र सो निर्णय विरण बैठकमा उपस्थित सम्पुर्ण सदस्यको कम्तिमा ५१ प्रतिशतले सही गर्नुपर्नेछ ।

ट) माथीका उपनियमहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यसमितिले गर्न पाउने कुनै कामको सम्वन्धमा कार्यसमितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा अध्यक्षले प्रमाणीत गरी त्यस्तो सहमतिलाई निर्णय पुस्तीकामा संलग्न गरी त्यस्तो काम बैठक विना गर्न सकिनेछ । उपरोक्त वमोजिमको सहमतिलाई कार्यसतिको बैठकको निर्णय सरह मानिनेछ ।

ठ) संस्थाले गर्ने भनिएको सम्पुर्ण कार्य कार्य समितिको निर्णयबाट हुनेछ ।

**१३.१. कार्यसमितिको काम कर्तव्य र अधिकार**

क)

ख)

ग)

घ)

ङ)

## परिच्छेद-५

## काम कर्तव्य र अधिकार

**१४. पदाधिकारीहरुको काम कर्तव्य र अधिकार :** पदाधिकारीहरुको काम कर्तव्य अधिकार निम्न बमोजिम हुनेछ ।

१) अध्यक्ष क)

ख)

ग)

२) उपाध्यक्ष क)

ख)

ग)

३) कोषाध्यक्ष क)

ख)

ग)

४) सचिव क)

ख)

ग)

५) सदस्य क)

ख)

ग)

**१५. गणपुरक संख्या :-** साधारण सभाका कुल सदस्य संख्याको ६० प्रतिशतको प्रतिनिधित्व हुने गरी साधारण सदस्यहरु उपस्थित नभई साधारण सभाको काम कारवाही हुने छैन । तर विधानको दफा ११ को उपदफा (४) मा उल्लेख भए वमोजिम पुनः वोलाइएको साधारण सभामा साधारण सभाका कुल सदस्य संख्याको ५१ प्रतिशतको प्रतिनिधित्व हुने गरी उपस्थित भएमा सभा गर्न वाधा पर्ने छैन ।

## परिच्छेद -६

## आर्थिक व्यवस्था

**१६. संस्थाको कोष :**

१. संस्थाको अफ्नो एउटा छुटै कोष हुनेछ र सो कोषमा देहाय वमोजिम प्राप्त रकमहरु रहेने छन् ।

क) सदस्यता शुल्क र सदस्यता नविकरण शुल्क बाट प्राप्त रकम ।

ख) कसैले स्वेच्छले दिएको अनुदान रकम ।

२. विदेशी संघसंस्थाबाट अनुदान रकम लिनुपुर्व अर्थ मन्त्रालय र समाज कल्याण ऐन, २०४९ को दफा १६ बमोजिम समाज कल्याण परिषदको अनिवार्य स्वीकृती लिनुपर्नेछ ।

**१७. खाता संचालन** : संस्थाको अध्यक्ष र कोषध्य र सचिवको संयुक्त दस्तखतबाट खाता संचालन हुनेछ । जसमा कोषाध्यक्षको दस्तखत अनिवार्य हुनेछ । प्रचलित ऐन, नियम अनुसार खर्च गर्न तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिनेछ ।

**१८. संस्थाको लेखा र लेखा परिक्षण**

क) संस्थाको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ ।

ख) संस्थाको लेखा परिक्षण प्रचलित कानुन बमोजिम रजिष्टर्ड लेखापरिक्षकाट हुनेछ ।

ग) लेखा परिक्षण प्रतिबेदन र वार्षिक प्रतिबेदन सम्वन्धीत जिल्ला प्रशासन कार्यालय, जि.वि.स र समाज कल्याण परिषदमा पेश गरिनेछ ।

घ) नेपाल सरकार वा स्थानिय अधिकारीले चाहेमा जुनसुकै बखत पनि संस्थाको हिसाव किताव जाच्न वा जचाउन सक्नेछ ।

ङ) लेखा परिक्षकको नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ । तर प्रथम वार्षिक साधारण सभा नभए सम्म लेखा परिक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।

## *परिच्छेद ७*

**१९. निर्वाचन सम्बन्धी व्यवस्था :**

**२०. उम्मेदवार हुने योग्यता :-** उम्मेदवार हुने योग्यता निम्न बमोजिम हुनेछ ।

क)

ख)

ग)

**२१. अविश्वासको प्रस्तावः-**

क)

ख)

**२२. विधान संसोधनः-**

साधारण सभाका कुल सदस्य संख्याको २।३ दुई तिहाई सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र संस्थाको कुनै दफा संसोधन वा खारेजका लागि स्थानिय अधिकारी समक्ष सिफारिस गरी पठाउनुपर्नेछ । स्थानिय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र संस्थाको कुनै दफा संसोधन वा खारेज भएको मानिने छ ।

**२३. बिनियम बनाउन सक्ने :-**

संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आपश्यक विनियम, उप समिति र निर्देशिका वनाउन सक्ने छ र सोको जानकारी स्थानिय अधिकारीलाई दिनुपर्नेछ ।

**२४. तदर्थ समिति :-** यो संस्था स्थापना गरी दर्ता गराउनको लागी गठीत तदर्थ समितिले छ महिन भित्र विधान अनुसार निर्वाचन कार्य गर्नको लागी कार्यसमितिको गठन गर्नु पर्नेछ । सो अवधिमा कार्यसमितिले गरेका सम्पुर्ण कामहरु यसै विधन अनुसार भएको मानिनेछ ।

**२५. संस्था खारेजी :-**

(१) साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारि संस्था खारेज गर्न सक्नेछ ।
(२) उपनियम (१) बमोजीम खारेजी को प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामको लागि १ वा १भन्दा वढि लिक्विडेटर र संस्थाको हिसाव किताव जाच गर्नका लागी एका वा एक भन्दा वढी लेखापरिक्षकहरु नियुक्ती गर्न सक्नेछन । लिक्विडेटर र लेखापरिक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए वमोजिम हुनेछ ।
३) उपनियम (२) वमोजिम नियुक्ति लिक्विडेटर तथा लेखापरिक्षकले खारेज सम्वन्धि कामकारर्वाही गर्नेछन ।

**२६. ऐन अनुसार हुने :-** यस विधानमा उल्लेख नभएका कुराहरु प्रचलित कानुन वमोजिम हुनेछ र संस्था दर्ता ऐन नियम प्रचलित कानुनसंग वाझिन गएमा वाझिएका सवै कुराहरु स्वतः निस्कृय हुनेछन ।

**२७. विविध :-**

क) यो क्लव कुनै कारणले खारेज वा विघटन भएमा यस क्लवको सम्पुर्ण चल अचल सम्पति नेपाल सरकारको हुनेछ ।

ख) नेपाल सरकार र स्थानीय अधिकारीले दिएको निर्देशन संस्था वा व्यक्तिले सधै पालना गर्नुपर्नेछ ।

ग) यो क्लव दर्ता गर्दा तदर्ग समितिमा रहेको सवै व्यक्तिहरु यस क्लवको संस्थापक हुनेछन ।

२८. हामी यस तदर्थ समितिका निम्ति संस्थामकहरु यस विधान वमोजिम कार्य गर्न मन्जुर भै निम्न साक्षीको रोहवरमा यस विधानमा सहिछाप गर्दछौ ।

| पद | नाम थर | पति वा पिताको नामथर | पति वा पिताको ठेगाना | पेशा | हस्ताक्षर |
| --- | --- | --- | --- | --- | --- |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

सल्लाहाकारको विवरण

| सि.नं. | नाम थर | पिता वा पतिको नाम थर | पति वा पिताको ठेगाना | पेशा | हस्ताक्षर |
| --- | --- | --- | --- | --- | --- |
| | | | | | |
| | | | | | |
| | | | | | |

साक्षीको विवरण

| सि.नं. | नाम थर | पिता वा पतिको नाम थर | पिता वा पतिको ठेगाना | पेशा | हस्ताक्षर |
| --- | --- | --- | --- | --- | --- |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |